मितिः २०७८, आषाढ ११

**प्रेस विज्ञप्ती**

**नव उद्यमशाला :**

**नयाँ व्यवसाय प्रवर्द्धन कार्यक्रम, नेपालगञ्ज**

नेपालगञ्जमा उद्यमशिलता विकासको लागि नयाँ सोच भएका नव उद्यमी (Startups) लाई व्यवसाय गर्न सहयोग गर्ने उद्धेश्यले **नयाँ व्यवसाय प्रवर्द्धन कार्यक्रम "नव उद्यमशाला, प्रथम विजनेस इन्क्युवेशन (Business Incubation Program) कार्यक्रमको** सञ्चालन गर्न लागिएको सहर्ष जानकारी गराउन चाहन्छौं ।

नेपालगञ्ज उप-महानगरपालिका संगको सहयोगमा अन्तरप्रेरणा प्रा.लि.को सहजिकरण तथा सहकार्यमा "नव उद्यमशाला" मार्फत व्यवसायिक परामर्श, कोचिङ्ग तथा मेन्टरसिप, प्रशासनिक तथा कानुनी परामर्श, लगानी तथा कर्जामा सहजिकरण सम्बन्धी परामर्श सेवा उपलब्ध हुनेछ । उक्त कार्यक्रम नेपालगञ्जमा दर्ता भई नेपालगञ्जमै उत्पादन गर्ने वा उत्पादनका लागि स्थानीय कच्चा पदार्थ प्रयोग गर्ने नविन व्यवसायहरुको लागि हो ।

आयोजकहरुद्धारा नेपालगञ्जमा यस कार्यक्रमका लागि निःशुल्क आवेदन आव्हान गरिएको छ । आवेदन दिनको लागि मिति २०७८ आषाढ ११ देखि २७ गते सम्म खुल्ला रहनेछ । यस कार्यक्रममा सहभागी हुनको लागि अन्तप्रेरणा र नेपालगञ्ज उप-महानगरपालिकाको वेभसाईटहरु https://www.antarprerana.com.np http://www.nepalgunjmun.gov.np बाट आवेदन दिन सकिनेछ र थप जानकारी पनि पाउन सकिने छ । साथ साथै आवेदन फारम नेपालगञ्ज उप-महानगरपालिकाको कार्यालयबाट समेत उपलब्ध हुनेछ ।

यस कार्यक्रममा १० उत्कृष्ट आवदेकलाई छनौट गरी, ५ महिने इन्कुबेसन कार्यक्रममा सहभागी गराइनेछ । सहभागीहरुले उक्त ५ महिनाको दौरानमा आफ्नो व्यापार व्यवसायलाई अझै सुदृढ र सफल बनाउन अपनाउन पर्ने रणनीतिहरु, व्यापारका विज्ञहरुले सिकाउनु हुनेछ । उक्त ५ महिनामा आफ्नो व्यवसायको विकासका लागि लगानी मैत्री बनाउने र सिकाई उपलब्धि पश्चात् सहभागी व्यवसायीहरुको माग र आवश्यक्ताका आधारमा नेपालगञ्ज उपमहानगरपालिकाबाट ऋण उपलब्ध हुन सक्नेछ ।

अन्तप्रेरणा, उद्यमशीलता विकासमा कार्यरत संस्था हो, जसले नव उद्यमीहरुलाई व्यापार गर्न नयाँ सोच, सृजनात्मक विधिहरुका वारेमा सहयोग गर्ने र लगानी गर्ने काम गर्दछ । यस कार्यक्रमको बारेमा विस्तृत जानकारी पाउन श्री कृष्णप्रसाद जोशी, नेपालगञ्ज उप-महानगरपालिका, श्री प्रिज्मा पौडेल (मो.नं. ९८६६७२५९१४) अन्तप्रेरणा लाई सम्पर्क गर्न सक्नु हुनेछ ।

फर्म भर्नाका लागी लिंकः

https://docs.google.com/forms/d/1QyeF5frHRvGJtEy_aLPxasSZI1_Rv_H5OBscVhepqCs/edit